

PHOTO: TUNGA RAI

अन्तर्राष्ट्रिय श्रम संगठन

# 'महासन्धि नं. १६९' स्वतन्त्र देशहरूका आदिवासी जनजाति सम्बन्धि महासन्धि

अन्तर्राष्ट्रिय श्रम संगठन

# ‘महासन्धि नं. १६९’ स्वतन्त्र देशहरूका आदिवासी जनजातिसम्बन्धी महासन्धि

**अन्तर्राष्ट्रिय श्रम संगठनको साधारणसभा :**

अन्तर्राष्ट्रिय श्रम कार्यालयको प्रशासकीय निकायद्वारा जेनेभामा समाह्वान गरिएको हुँदा त्यसका ७६औं अधिवेशन सन् १९८७ को जुन ७ तारिखको दिन बसेको हुँदा, र

सन् १९५७ को आदिवासी जनजाति महासन्धि र सिफारिसमा समाविष्ट अन्तर्राष्ट्रिय कानुनहरूलाई ध्यान दिँदै, र मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको प्रावधानहरू, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अनुबन्ध र भेदभाव नियन्त्रणसम्बन्धी कैयन अन्तर्राष्ट्रिय कानुनहरू स्मरण गर्दै, र

सन् १९५७ देखियता अन्तर्राष्ट्रिय कानुनमा भएको विकास तथा विश्वका सबै क्षेत्रहरूमा बसोबास गर्ने आदिवासी जनजातिहरूका स्थितिमा भएका विकासहरूले पहिलेका कानुनका बिलयपरक अभिमूखीकरणलाई हटाउने अभिप्रायले यस विषयमा नयाँ अन्तर्राष्ट्रिय कानुनहरू अबलम्वन गर्न उचित बनाएको कुरालाई मध्यनजर गर्दै, र

आफू बसोवास गरेको राज्यको ढाँचाभित्र रहेर आफ्ना संस्थाहरू, जीवनपद्दति र आर्थिक विकासमाथि नियन्त्रणका लागि अभ्यास गर्न तथा आफ्ना पहिचान, भाषाहरू तथा धर्महरूलाई यथावत् कायम राख्ने विकास गर्न जनताहरूको चाहनालाई दिँदै, र

विश्वका कैयन भागहरूका जनताहरूले आफू बसोबास गर्ने राज्यभित्र अन्य जनताहरूले जस्तै समानस्तरमा मौलिक मानव अधिकार उपयोग गर्न असमर्थ छन् र तिनीहरूको कानुन, मूल्यमान्यता, रीतिरिवाज र दृष्टिकोणहरू प्राय नष्ट भएका छन् भन्ने कुरालाई ध्यान दिँदै, र आदिवासी जनजातिहरूले साँस्कृतिक विविधता एवं मानवजातिको पर्यावरणीय सामान्जस्य र अन्तर्राष्ट्रिय सहयोग र समझदारीमा पुऱ्याएको बिशिष्ट योगदानप्रति ध्यानाकर्षण गराउँदै, र संयुक्त राष्ट्रसंघ (UNO), संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठन (UNFAO), संयुक्त राष्ट्रसंघको शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (UNESCO) र विश्व स्वास्थ्य संगठन (WHO) तथा अन्तर अमेरिकी इन्डियन संस्थान (Inter-American Indian Institute) को सहयोगमा निम्न प्रावधानहरू बनेको कुरालाई ध्यान दिँदै, र ती प्रावधानहरूको कार्यान्वयन प्रबर्द्धन र सुनिश्चितता गर्न उचित तह र आफ्ना क्षेत्रहरूमा ती अन्तर्राष्ट्रिय संस्थानहरूको सहयोग निरन्तरताको प्रस्ताव गरिन्छ, र

सन् १९५७ को आदिवासी जनजाति महासन्धी १०७ को आंशिक सुधारसम्बन्धी केही प्रस्तावहरूलाई अनुमोदन गर्ने निर्णय गरिएको हुंदा र जुन यस सत्रको विषय सूचिको चौथो बुँदा हो, र

यी प्रस्तावहरूले आदिवासी जनजाति महासन्धी १९५७ लाई संशोधन गरेर एउटा अन्तर्राष्ट्रिय 'महासन्धिको' रूप लिनेछ भन्ने निर्णय गरिएको हुँदा आज एक हजार नौसय उनानब्बे साल जुन महिनाको सत्ताइस तारिखका दिन यस महासन्धिलाई पारित गर्दछ। यस महासन्धिलाई अब उप्रान्त 'आदिवासी जनजाति महासन्धि १९८९' भनेर उद्धृत गर्न सकिनेछ।

भाग-१

# सामान्य नीति

### अनुच्छेद-१

१. **यो 'महासन्धि'**

क) स्वतन्त्र देशहरूका ती आदिवासी जनजातिमा लागू हुन्छ जसका सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाहरूले उनीहरूलाई ती देशका अन्य राष्ट्रिय समुदायहरू

भन्दा पृथक देखाउँछ र जसको अवस्था पूर्ण वा आंशिक रूपमा उनीहरूको आफ्नै रीतिरिवाज वा परम्परा वा विशेष कानुन वा नियमहरूद्वारा सञ्चालित हुन्छ ।

ख) स्वतन्त्र देशका ती जनताहरूमा लागू हुन्छ जो कुनै देशमा बसोबास गर्ने जनताको वंशजको कारण वा कुनै भौगोलिक क्षेत्रमा सम्बद्ध देश विजय हुनुभन्दा वा राज्यसीमा स्थापना कालभन्दा पहिलादेखि नै बसोबास गरेका आदिवासी जनजाति मानिन्छन् र उनीहरूको कानुनी हैसियतको वावजुतपनि आफ्ना सबै वा केही सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनैतिक संस्थाहरूलाई यथावत् कायम राखेका छन् ।

२. स्वपहिचान आदिवासी जनजातिहरूको रूपमा यस महासन्धिका प्रावधान जुन समुदायहरूमा लागू हुन्छ ती समुदायहरू निर्धारण गर्ने आधारभूत मापदण्डको रूपमा मानिनेछ ।

३. यस महासन्धिमा 'जनताहरू' भन्ने शब्दको प्रयोग अन्तर्राष्ट्रिय कानुनसँग सम्बद्ध 'अधिकारहरू' भन्ने शब्दको प्रयोग भन्दा फरक आशयको अर्थ लाग्ने गरी प्रयोग गरिने छैन ।

## अनुच्छेद–२

१. सरकारको सम्बन्धित जनताको सहभागितामा ती जनताको अधिकारको रक्षाका लागि र उनीहरूको एकताप्रति सम्मान सूनिश्चित गर्नका लागि र सुव्यवस्थित कार्य सम्पन्न गर्ने जिम्मेवारी हुनेछ ।

२. यस्ता कार्यहरूमा निम्नलिखित उपायहरू समाविष्ट हुनेछन् ः

(क) यी समुदायका सदस्यहरूले राष्ट्रिय कानून र नियमहरूद्वारा अरू जनसमुदायलाई प्रदत्त अधिकार र अवसरहरूबारे समानताका आधारमा फाइदा उठाउन सक्ने ग्यारेन्टी गर्दै,

(ख) ती जनताको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरूको पूर्ण बोधलाई तिनीहरूको सामाजिक र सांस्कृतिक पहिचान, तिनीहरूका रीतिरिवाज, परम्परा र संगठनहरूप्रति आदरसहित प्रबर्द्धन गर्दै,

(ग) सम्बन्धित समुदायका सदस्यहरूलाई आदिवासी र राष्ट्रिय समुदायका सदस्यको बीचमा विद्यमान हुन सक्ने सामाजिक र आर्थिक खाडल तिनीहरूको आकांक्षा र

जीवन पद्धतिसँग मेल खाने ढंगले निर्मूल पार्नमा सहयोग गर्दै,

**अनुच्छेद–३**

१. आदिवासी जनजातिहरूले पूर्ण मानव अधिकार र मौलिक स्वतन्त्रता निर्बाध रूपमा र बिना भेदभाव उपभोग गर्नेछन् । यस 'महासन्धि' का प्रावधानहरू यी समुदायका महिला र पुरूष सदस्यहरूमा बिना कुनै भेदभाव लागू हुनेछन् ।

२. यस 'महासन्धि' मा उल्लेखित अधिकारहरूका साथै सम्बन्धित समुदायका जनताका मानव अधिकार र मौलिक स्वतन्त्रताको उल्लंघनमा कुनै शक्ति वा बल प्रयोग गरिने छैन ।

**अनुच्छेद–४**

१. सम्बन्धित समुदायहरूका व्यक्तिहरू, संगठनहरू, सम्पत्ति, श्रम, संस्कृति र वातावरणको सुरक्षाका लागि विशेष एवं उचित उपायहरू अबलम्वन गरिने छन् ।

२. यस्ता विशेष उपायहरू सम्बन्धित समुदायको स्वतन्त्र चाहनाको विपरित हुने छैनन् ।

३. नागरिकताको अधिकारको भेदभावरहित उपभोगलाई यस्ता विशेष अधिकारहरूले कुनै पनि हालतमा कुण्ठित गर्ने छैन ।

**अनुच्छेद–५**

यस 'महासन्धि' का प्रावधानहरू लागू गर्दा,

(क) यी समुदायका जनताको सामाजिक, साँस्कृतिक, धार्मिक र आध्यात्मिक मूल्य र प्रचलनहरूलाई मान्यता प्रदान गरिनेछ र सुरक्षा गरिनेछ ती समुदायका जनताले समूहगत र व्यक्तिगत दुबै रूपमा भोल्न परिरहेका समस्याहरूलाई विचार गरिनेछ ।

(ख) यी समुदायका जनताको मान्यता, प्रचलन र संगठनहरूको सम्मान गरिनेछ ।

(ग) जीवनको नयाँ अवस्था भोलिरहेका यी जनताले अनुभव गरेका कठिनाईहरूलाई मत्थर पार्ने उद्देश्यले प्रभावित जनताको सहयोग र सहभागितामा नीतिहरूको तर्जुमा गरिनेछ ।

**अनुच्छेद–६**

१. यस 'महासन्धि'का प्रावधानहरू लागू गर्दा,

(क) यी समुदायका जनतालाई प्रत्यक्ष असर पार्ने कानूनी वा प्रशासनिक कदमहरूबारे छलफल हुँदा तिनीहरूसँग उचित प्रक्रियामार्फत् र विशेषगरी तिनीहरूको प्रतिनिधि संगठनमार्फत् सम्पर्क गर्नेछ।

(ख) यी समुदायका जनतासँग सरोकार राख्ने नीति एवं कार्यक्रमहरूका लागि जिम्मेवार चुनावी संगठनहरू र प्रशासनिक तथा अन्य निकायहरूको नीति-निर्माण गर्ने सबै तहहरूमा कमसेकम अन्य क्षेत्रका जनताले जुन हदसम्म सहभागी हुन पाएका छन्, त्यो हदसम्म ती समुदायका जनताले पनि स्वतन्त्रतापूर्वक भाग लिन सक्ने माध्यम साधनहरूको स्थापना गर्नेछ।

(ग) यी समुदायका जनताका आफ्नै संगठन र पहलहरूलाई पूर्ण विकासका लागि साधनहरूको स्थापना गर्नेछ र उचित घटनाहरूमा यस प्रयोजनका निम्ति आवश्यक श्रोतहरू प्रदान गर्नेछ।

२. यस 'महासन्धि' को कार्यान्वयनमा लिइएका परामर्शहरूलाई प्रस्तावित साधनहरूबारे सहमति वा अनुमति प्राप्त गर्ने उद्देश्यले विश्वास एवं अनुकूल वातावरणमा कार्यान्वयन गरिनेछन्।

**अनुच्छेद–७**

१. सम्बन्धित जनतालाई आफ्ना विकासका प्राथमिकताहरू आफैलाई निर्धारण गर्ने अधिकार हुनेछ किनकि यसले उनीहरूको जीवन, विश्वास, संगठन र आध्यात्मिक समृद्धि तथा उनीहरूले ओगटेका वा प्रयोग गरेको भूमिमाथि प्रभाव पार्नेछ र आफ्नो आर्थिक, सामाजिक र साँस्कृतिक विकास माथि यथासम्भव नियन्त्रण कायम राख्ने अधिकार हुनेछ।

२. सम्बन्धित जनताको जीवन र कार्य-अवस्था तथा स्वास्थ्य र शिक्षाको तहको विकास उनीहरूकै सहभागिता र सहयोगमा उनीहरू बसोबास गर्ने क्षेत्रको समग्र आर्थिक विकासको योजनामा प्राथमिकताको विषय हुनेछ। ती क्षेत्रहरूको विकासका लागि बनेका विशेष परियोजनाहरू पनि उक्त प्रकारको विकासमा सघाउ पुऱ्याउने उद्देश्यले बनाइने छन्।

३. सरकारले सम्बन्धित जनताको सहयोगमा विकास-कार्यहरूले उनीहरूमाथि परेको सामाजिक, आध्यात्मिक, साँस्कृतिक र पर्यावरणीय प्रभावको मूल्याङ्कन गर्नका लागि यथोचित समयमा अध्ययनहरू संचालन गर्नुपर्दछ। यी अध्ययनका प्रतिफलहरू ती कार्यहरूको कार्यान्वयनका लागि प्रमुख आधार मानिनेछन्।

४. सरकारले सम्बन्धित जनताको सहयोगमा उनीहरू बसोबास गर्ने क्षेत्रको पर्यावरणको संरक्षण र सुरक्षाका लागि कदमहरू चाल्नेछ।

अनुच्छेद-८

१. सम्बन्धित जनतामा राष्ट्रिय कानून र नियमहरू लागू गर्दा तिनीहरूका रीति-रिवाज वा परम्परागत कानूनहरूप्रति यथोचित सम्मान प्रदान गरिनेछ।

२. यी जनतालाई राष्ट्रिय कानून पद्धतिद्वारा परिभाषित मौलिक अधिकार र अन्तर्राष्ट्रिय मान्यता प्राप्त मानव अधिकारहरूसँग नबाझिने हदसम्म आफ्ना रीति-रिवाज र संगठनहरू कायम राख्ने अधिकार हुनेछ। यस सिद्धान्तलाई लागू गर्दा सिर्जना हुन सक्ने विवादहरूलाई समाधान गर्न आवश्यक भएमा प्रक्रियाहरू स्थापना गरिनेछ।

३. यस अनुच्छेदको बुँदा १ र २ को कार्यान्वयनले यी जनतालाई अन्य नागरिकहरूलाई प्रदत्त अधिकारहरू उपभोग गर्नबाट र तदनुरूप कर्तव्यहरू बहन गर्नमा बन्देज लगाउने छैन।

**अनुच्छेद-९**

१. राष्ट्रिय कानून पद्धति र अन्तर्राष्ट्रिय मान्यता प्राप्त मानव अधिकारहरूसँग नबाझ्ने हदसम्म यी समुदायहरूले आफ्ना सदस्यहरूद्वारा गरिएका अपराधहरूको लागि दण्ड सजाय सम्बन्धमा परम्परागत रूपमै अभ्यास गर्दै आएका उपायहरूको सम्मान गरिनेछ।

२. यी जनताका दण्ड-व्यवस्थासम्बन्धी प्रचलनहरूलाई त्यस्ता मुद्दाहरू हेर्ने आधिकारीक निकाय र अदालतहरूद्वारा बिचार गरिनेछ।

**अनुच्छेद-१०**

१. यी समुदायका जनतामाथि साधारण कानून अनुसार दण्ड-सजाय लागू गर्दा तिनीहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विशेषताहरूलाई मनन गरिनेछ।

२. जेलमा थुन्नुभन्दा सजायँ दिने पद्धतिलाई प्राथमिकता दिइनेछ।

### अनुच्छेद–११

यी सम्बन्धित जनताबाट कुनै पनि रूपमा अनिवार्य व्यक्तिगत सेवाको बलपूर्वक असुली चाहे पारिश्रमिक तिरेर होस् वा नतिरीकन होस् कानूनतः निषेधित र दण्डनीय हुनेछ। तर कानूनद्वारा सबै जनताका लागि व्यवस्था गरिएको अवस्थामा चाहिँ यो नियम लागू हुने छैन।

### अनुच्छेद–१२

यी समुदायका जनतालाई उनीहरूको अधिकारको दुरूपयोगका विरूद्ध सुरक्षित पारिने छ र उनीहरूको अधिकारको संरक्षणका लागि उनीहरूले व्यक्तिगत रूपमा वा आफ्ना प्रतिनिधि-संगठनमार्फत् कानूनी कारवाही चलाउन सक्नेछन् । आवश्यक परेमा दोभाषे नियुक्त गरेर वा अन्य प्रभावकारी उपायहरूमार्फत् तिनीहरूले कानूनी कारवाही बुझ्न सकून वा तिनीहरूलाई बुझ्न सकियोस् भन्ने सुनिश्चित गर्नका लागि आवश्यक कदमहरू चालिनेछ।

भाग–२

## भूमि

### अनुच्छेद–१३

१. यस 'महासन्धि' को यो भाग लागू गर्दा सरकारहरूले सम्बन्धित जनताको संस्कृति र आध्यात्मिक मूल्यका लागि भूमि वा क्षेत्र वा दुबै, जुन तिनीहरूले ओगटेका वा प्रयोग गरेका छन्, सँग तिनीहरूको सम्बन्धको खासगरी यस सम्बन्धको सामूहिक पक्षको महत्वलाई सम्मान गर्नेछन्।

२. अनुच्छेद १५ र १६ मा उल्लेखित 'भूमि' शब्दको प्रयोगले क्षेत्रको धारणालाई समावेश गर्नेछ, जुन क्षेत्रले तिनीहरूले ओगटेको वा प्रयोग गरेको क्षेत्रको सम्पूर्ण पर्यावरणलाई समेट्छ।

### अनुच्छेद–१४

१. यी समुदायका जनताले परम्परागत रूपमै ओगट्दै आएको भूमिमाथि तिनीहरूको स्वामित्वको अधिकारलाई मान्यता दिइनेछ। यसको साथै, तिनीहरूले एकलौटी

रूपमा नओगटेका तर आफ्नो जीविकोपार्जन र परम्परागत गतिविधिहरू गर्ने गरेको भूमि माथि उनीहरूको अधिकारको रक्षा गर्नका लागि आवश्यक पर्दा उचित कदमहरू चालिनेछ। यस सन्दर्भमा फिरन्ते र कृषकहरूको अवस्थामा विशेष ध्यान दिइनेछ।

२. सरकारले ती जनताले परम्परागत रूपमा ओगटेको भूमिको पहिचान गर्न र तिनीहरूको स्वामित्वको आधारमा प्रभावकारी रक्षाको ग्यारेन्टी गर्न आवश्यक कदमहरू चाल्नेछ।

३. यी समुदायका जनताको भूमिसम्बन्धी दावीलाई निरूपण गर्न राष्ट्रिय कानून पद्धतिभित्र आवश्यक प्रक्रियाहरूको स्थापना गरिनेछ।

**अनुच्छेद–१५**

१. यी समुदायका जनताको भूमिजन्य प्राकृतिक श्रोतहरूको अधिकारलाई, विशेषतः रक्षा गरिनेछ। यी अधिकारहरूअन्तर्गत यी श्रोतहरूको प्रयोग, व्यवस्थापन र संरक्षणमा तिनीहरूको सहभागिताको अधिकार पर्दछ।

२. खनिज वा उपरी-सतहका स्रोतहरू वा भूमिजन्य अन्य स्रोतहरू माथि यदि राज्यको स्वामित्व रहन्छ भने सरकारले विशेष प्रक्रियाहरू स्थापना वा कायम गरी ती प्रक्रियाहरूमार्फत् सरकारले तिनीहरूको स्वार्थहरू पूर्वाग्रहयुक्त हुन्छन् वा हुँदैनन् वा हुन्छन् भने कुन हदसम्म हुन्छन् ? भन्ने पत्ता लगाउने उद्देश्यले भूमिजन्य यस्ता स्रोतहरूको प्रयोग र अन्वेषणका लागि कार्यक्रमहरू संचालन गर्नु वा गर्ने अनुमति दिनुभन्दा पहिले ती सम्बन्धित जनतासंग सम्पर्क गर्नेछ। यी जनताले सम्भव भएसम्म यस्ता कार्यहरूको फाइदा बाँडफाँट गर्नेछन् र यस्ता कार्यहरूबाट यिनीहरूको कुनै क्षति भएमा उनीहरूले त्यसको उचित क्षतिपूर्ति प्राप्त गर्नेछन्।

**अनुच्छेद–१६**

१. यस अनुच्छेदको निम्न प्रावधानहरूमा बाहेक ती समुदायका जनतालाई उनीहरूले ओगट्दै आएका भूमिबाट हटाइने छैन।

२. यी समुदायका जनताको पुनर्स्थापना अनिवार्य हुन आएको अवस्थामा तिनीहरूको स्वतन्त्र एवं पूर्व सूचित सहमति लिएर मात्र तिनीहरूलाई पुनर्स्थापित गरिने छ। जहाँ तिनीहरूको सहमति प्राप्त गर्न सकिँदैन, त्यहाँ उचित भएमा सार्वजनिक सोधपूछ, लगायत राष्ट्रिय नियम र ऐन-कानूनद्वारा स्थापित उचित प्रक्रियाहरू,

जसले सम्बन्धित जनताको प्रभावकारी प्रतिनिधित्वका लागि अवसर प्रदान गर्दछन्, अवलम्बन गरेपछि मात्र पुनर्स्थापन कार्य गरिनेछ।

३. पुनर्स्थापनको लागि अनिवार्य कारणको औचित्य समाप्त हुनासाथ यी जनतालाई यथासम्भव आफ्नो परम्परागत भूमिमा फर्कने अधिकार हुनेछ।

४. यसरी पूर्व सम्झौता अनुरूप वा सम्झौता नभएको अवस्थामा पनि उचित प्रक्रियाहरूमार्फत् कमसेकम पनि तिनीहरूको वर्तमान आवश्यकता र भावी विकासका लागि अनुकूल हुने गरी उनीहरूले पहिले ओगटेका भूमि समान गुण र कानूनी स्तरयुक्त भूमि सम्भव भएसम्म प्रदान गरिनेछ, जहाँ सम्बन्धित जनताले पैसा वा अन्य कुनै रूपको क्षतिपूर्तिलाई प्राथमिकता दिन्छन्, त्यहाँ यिनीहरूलाई उचित ग्यारेन्टी सहित त्यसरी नै क्षतिपूर्ति दिइनेछ।

५. यसरी पुनर्स्थापित भएको व्यक्तिलाई त्यसबापत् भएको हानी वा चोटका लागि पूरा क्षतिपूर्ति दिइनेछ।

### अनुच्छेद–१७

१. यी समुदायका जनताले आफ्ना अन्य सदस्यहरूमा भूमिसम्बन्धी अधिकार हस्तान्तरण गर्न स्थापना गरेका प्रक्रियाहरू सम्मान गरिनेछ।

२. यी जनताको आफ्नो भूमि बिक्री गर्ने क्षमता माथि विचारविमर्श हुँदा वा तिनीहरूको आफ्नो समुदाय भन्दा बाहिरको व्यक्तिलाई अधिकार हस्तान्तरण गर्नुपर्दा तिनीहरूलाई सम्पर्क गरिनेछ।

३. यी समुदायहरूसँग असम्बन्धित व्यक्तिहरू तिनीहरूको रीति-रिवाजबाट वा यी समुदायको व्यक्तिहरूको कानूनी अज्ञानताबाट फाइदा उठाएर तिनीहरूको भूमि माथि स्वामित्व प्रयोग हासिल गर्ने कार्य गर्न दिइने छैन।

### अनुच्छेद–१८

यी समुदायका जनताको भूमिमाथि अनाधिकृत अतिक्रमण वा प्रयोगलाई कानूनद्वारा पर्याप्त मात्रामा दण्डित गरिनेछ र सरकारले यस्ता अपराधहरू रोक्न आवश्यक कदमहरू चाल्नेछ।

**अनुच्छेद–१९**

यी समुदायका जनतालाई राष्ट्रिय कृषि कार्यक्रमले निम्न सम्बन्धमा अन्य क्षेत्रका जनतालाई प्रदान गरिए जति नै उपचार प्रदान गर्नेछ

(क) यी जनताको लागि बढी भूमिको व्यवस्थाबारे, जब उनीहरूलाई आफ्नो सामान्य जीवन गुजारा गर्नका लागि आवश्यक वस्तुहरूको व्यवस्था गर्न आफूसँग आवश्यक भूमि हुँदैन वा भूमि बढाउने सम्भावना रहँदैन,

(ख) यी जनतासँग भएको जमिनको विकास गर्न आवश्यक साधनहरू सम्बन्धमा।

भाग–३

# नियुक्ति र रोजगारीका अवस्थाहरू

**अनुच्छेद–२०**

१. सरकारले राष्ट्रिय नियम र ऐन-कानूनहरूको परिधिभित्र रहेर तथा ती समुदायका जनताको सहयोग लिएर सामान्यतया मजदूरहरूका लागि लागू हुने कानूनद्वारा तिनीहरूको प्रभावकारी ढंगले सुरक्षा हुन नसक्ने अवस्थामा यी समुदायसँग सम्बन्धित मजदुरहरूको रोजगारीको अवस्था र नियुक्तिलाई सुनिश्चित गर्नका लागि विशेष उपायहरू अबलम्बन गर्नेछन।

२. सरकारहरूले यी समुदायसँग सम्बन्धित मजदूरहरू र अन्य मजदूरका बीचमा हुने कुनै पनि प्रकारको भेदभाव, खासगरी निम्न प्रकारको भेदभावहरू रोक्नका लागि सम्भव भए जति सबै कार्यहरू गर्नेछन् :

(क) दक्ष रोजगारी र पदोन्नति एवं विकासका लागि नियम कानूनहरूलगायत रोजगारीमा प्रवेश,

(ख) समान मूल्यको कामका लागि समान पारिश्रमिक।

(ग) औषधी उपचार र सामाजिक सहयोग, पेशागत सुरक्षा र स्वास्थ्य, सबै सामाजिक सुरक्षा फाइदाहरू र पेशासँग सम्बन्धित अन्य लाभहरू र आवास,

(घ) संगठन र सबै कानुनी ट्रेड यूनियन गतिविधिहरूका लागि स्वतन्त्रताको अधिकार र मालिक वा मालिकहरूको संगठनसँग सामूहिक सम्झौता सम्पन्न गर्ने अधिकार।

३. अवलम्बन गरिएका उपायहरूमा निम्न कुराहरू सुनिश्चित गर्ने व्यवस्थाहरू समाविष्ट छन् :

(क) यी समुदायसँग सम्बन्धित मजदूरहरू, कृषि र अन्य रोजगारीमा संलग्न समयानुसार कहिलेकाहिँ काम गर्ने तथा आप्रवासी मजदुरहरूलगायत र श्रम ठेकेदारहरूले नियुक्त गरेको मजदुरहरूले सोही क्षेत्रमा काम गर्ने अन्य मजदुरहरूलाई राष्ट्रिय कानून एवं प्रचलन बमोजिम प्रदान गरिएको सुरक्षा उपभोग गर्न पाउनेछन् र तिनीहरू श्रम कानूनअन्तर्गत आफ्ना अधिकारहरू र प्राप्त सुधारका उपायहरूबारे पूर्णतः सूसुचित हुनेछन् ।

(ख) यी समुदायसँग सम्बन्धित मजदुरहरूलाई उनीहरूको स्वास्थ्यका लागि खतरापूर्ण अवस्थामा, खासगरी कीटनाशक वा अन्य विषालु वस्तुहरूसँग काम गर्न बाध्य पारिने छैन,

(ग) यी समुदायसँग सम्बन्धित मजदुरहरूलाई बँधुवा मजदुर वा ऋणका कारण दास हुनुपर्ने अवस्थालगायत अनिवार्य भर्तीका लागि बाध्य बनाइने छैन,

(घ) ती समुदायसँग सम्बन्धित मजदुरहरूले महिला र पुरूषका लागि रोजगारीमा समान अवसर र समान व्यवहार तथा यौन उत्पीडनबाट सुरक्षा पाउनेछन् ।

४. यस महासन्धिको यो भागको प्रावधानहरू अनुरूप कार्य गर्ने उद्देश्यले यी समुदायहरूसँग सम्बन्धित मजदुरहरू रोजगारीका लागि काम गर्ने क्षेत्रमा प्रशस्त श्रम सुपरीवेक्षण सेवाहरूको स्थापना गर्नमा विशेष ध्यान दिइनेछ ।

भाग-४

# व्यावसायिक तालिम, हस्तकला र ग्रामीण उद्योग

**अनुच्छेद-२१**

यी समुदायका सदस्यहरूले व्यावसायिक तालिमका सम्बन्धमा अन्य नागरिकहरू सरह समान अवसर उपभोग गर्नेछन् ।

**अनुच्छेद-२२**

१. यी समुदायका जनताको व्यावसायिक तालिम कार्यक्रमहरूमा स्वेच्छिक सहभागितालाई प्रबर्द्धन गर्न यथोचित कदमहरू चालिनेछन् ।

२. सामान्य प्रयोगका विद्यमान व्यावसायिक तालिम कार्यक्रमहरूले ती जनताका विशेष आवश्यक्ताहरूको परिपूर्ति गर्दैनन् भने सरकारले तिनीहरूको सहभागितामा विशेष तालिम कार्यक्रम र सुविधाहरूको व्यवस्था गर्नेछ।

३. कार्यक्रमहरूको संचालनमा जिम्मेवारी बहन गर्नेछन्।

**अनुच्छेद–२३**

१. हस्तकला, ग्रामीण र समुदायमा आधारित उद्योगहरू, जीविकोपार्जन अर्थतन्त्र र यी समुदायका जनताको परम्परागत क्रियाकलापहरू, जस्तैः- शिकार खेल्नु, माछा मार्नु, पासो थाप्नु र जम्मा गर्नु तिनीहरूको सँस्कृति र आर्थिक आत्मनिर्भरता एवं विकासको संरक्षण गर्ने महत्वपूर्ण आधार मानिने छन्।

२. यी समुदायका जनताको अनुरोधमा तिनीहरूको परम्परागत प्रविधि र साँस्कृतिक विशेषताहरू र टिकाउ एवं समतामूलक विकासको महत्वलाई ध्यानमा राख्दै जहाँ सम्भव छ, त्यहाँ उचित प्रविधि र आर्थिक सहयोग प्रदान गरिनेछ।

भाग–५

# सामाजिक सुरक्षा र स्वास्थ्य

**अनुच्छेद–२४**

सामाजिक सुरक्षा योजना ती समुदायका जनतामा तीब्रताका साथ विस्तार गरिनेछ र तिनीहरू कुनै भेदभाव बिना लागू गरिनेछ।

**अनुच्छेद–२५**

१. सरकारले यी सम्बन्धित जनताको लागि उपलब्ध पर्याप्त स्वास्थ्य सेवा सुनिश्चित गर्नेछ र आफ्नै जिम्मेवारी एवं नियन्त्रणमा यस्तो सेवाको कार्यक्रम, बनाउने र वितरण गर्ने स्रोतहरू प्रदान गर्नेछ ताकि तिनीहरूले प्राप्त गर्न सकिने उच्चतम शारीरिक र मानसिक स्वास्थ्य तह उपभोग गर्न सकून्।

२. स्वास्थ्य सेवा सम्भव भएसम्म समुदायमा आधारित हुनुपर्दछ। यी स्वास्थ्य सेवाहरू यी सम्बन्धित जनताको सहयोगमा तर्जुमा एवं संचालन गरिनुपर्दछ र तिनीहरूका आर्थिक, भौगोलिक, सामाजिक र साँस्कृतिक अवस्थाहरू तथा तिनीहरूका परम्परागत सुरक्षात्मक हेरचाह उपचारात्मक प्रचलनहरू र औषधिहरूलाई ध्यानमा राख्नुपर्दछ।

३. स्वास्थ्य सेवा प्रणालीले स्थानीय समुदाय स्वास्थ्य कार्यकर्ताको तालिम रोजगारीलाई प्राथमिकता दिनुपर्दछ र अन्य स्वास्थ्य सेवाका विभिन्न तहहरूसँग जीवन्त सम्बन्ध कायम गर्दा प्राथमिक स्वास्थ्य सेवामा केन्द्रित हुनुपर्दछ ।

भाग-६

# शिक्षा र सञ्चार साधनहरू

**अनुच्छेद-२६**

यी समुदायका सदस्यहरूले राष्ट्रिय समुदायका अन्य सदस्यहरू सरह समानुपातिक आधारमा शिक्षाको सम्पूर्ण तह हासिल गर्ने अवसर पाए नपाएको सुनिश्चित गर्न उचित कदम चालिनु पर्दछ ।

**अनुच्छेद-२७**

१. यी समुदायका जनताका लागि शैक्षिक कार्यक्रम र सेवाहरू उनीहरूकै सहयोगमा उनीहरूको विशेष आवश्यकतालाई सम्बोधन गर्न विकसित एवं कार्यान्वित गरिने छन् र तिनले तिनीहरूका इतिहास, ज्ञान र प्रविधि, तिनीहरूका मूल्य र प्रणाली तिनीहरूका लागि सामाजिक, आर्थिक र साँस्कृतिक आकांक्षाहरूलाई समेट्ने छन् ।

२. सूक्ष्म प्राधिकरणले ती जनताको कार्यक्रम संचालन गर्नका लागि दायित्वको हस्तान्तरण गर्ने अभिप्रायले ती जनताको तालिम र शैक्षिक कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनमा तिनीहरूको संलग्नतालाई सुनिश्चित गर्नेछ ।

३. साथै, सरकारले ती जनताको आफ्नो शैक्षिक संस्थाहरू र अन्य सुविधाहरूको स्थापना गर्ने अधिकारलाई मान्यता प्रदान गर्नेछ । यस उद्देश्य परिपूर्तिका लागि उचित श्रोत प्रदान गरिनेछ ।

**अनुच्छेद-२८**

१. यी समुदायहरूसँग सम्बन्धित बालबालिकाहरूलाई जहाँ सम्भव छ, त्यहाँ उनीहरूकै मातृभाषा वा समुदायमा साधारणतया बोलिने भाषामा लेख्न र पढ्न सिकाइनेछ । यदि मातृभाषाको पठन-पाठन व्यवहारिक र सम्भव छैन भने सक्षम निकायहरूले यस तथ्यलाई प्राप्त गर्न विभिन्न उपायहरू तर्जुमा गर्न ती जनतासँग सम्पर्क गर्नेछन् ।

२. यी जनताले जातीय/राष्ट्रिय भाषा वा देशको कुनै एउटा आधिकारिक भाषामा धारा प्रवाहपना हासिल गर्ने सुनिश्चित गर्न पर्याप्त व्यवस्था गरिनेछ।

३. ती समुदायका जनताले मातृभाषाको अभ्यास र विकासलाई संरक्षण र सम्बर्द्धन गर्ने व्यवस्था मिलाइनेछ।

**अनुच्छेद–२९**

यी समुदायसँग सम्बन्धित बालबालिकाहरूलाई आफ्नै समुदाय र राष्ट्रिय समुदायमा पूर्णतः र समान स्तरमा सहभागी हुनमा मद्दत पुर्‍याउने सामान्य ज्ञान र सीप दिनु तिनीहरूका लागि तर्जुमा गरिएको शिक्षाको उद्देश्य हुनेछ।

**अनुच्छेद–३०**

१. सरकारले यी समुदायको जनतालाई आफ्ना अधिकार र कर्तव्यहरू विशेषतः श्रम, आर्थिक अवसरहरू, शिक्षा र स्वास्थ्यसँग सम्बन्धित विषयहरू, सामाजिक कल्याण र महासन्धिबाट निःसृत अधिकारहरूबारे जानकारी गराउन तिनीहरूको परम्परा र संस्कृति अनुरूप उचित व्यवस्था गर्नेछ।

२. यदि आवश्यक भएमा यसलाई लिखित अनुवादको माध्यमबाट तिनीहरूको भाषामा आमसञ्चारको प्रयोग मार्फत गरिनेछ।

**अनुच्छेद–३१**

यी समुदायका जनताको सम्बन्धमा अस्तित्वमा रहन सक्ने पूर्वाग्रही पक्षपाती चिन्तनहरूलाई निर्मूल पार्ने उद्देश्यले राष्ट्रिय समुदायका सम्पूर्ण क्षेत्रहरूमा र खासगरी ती समुदायहरूको प्रत्यक्ष सम्पर्कमा रहेका समुदायहरूका बीचमा शैक्षिक कार्यहरू सञ्चालन गरिनेछन्। यस प्रसंगमा इतिहासका पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरूले यी समुदायहरूको समाज संस्कृतिको निष्पक्ष, सही र सूचनामूलक तस्वीर दिने कुरा सुनिश्चित प्रयासहरू गरिने छन्।

भाग–७

# सीमापारि सम्पर्क र सहयोग

**अनुच्छेद–३२**

सरकारले आर्थिक, सामाजिक, आध्यात्मिक र वातावरणीय क्षेत्र गतिविधिहरूलगायत सीमा पारिका आदिवासी र प्रजातिका जनताको बीच सम्पर्क र सहयोग अभिबृद्धि गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय सन्धि-सम्झौतालगायत उचित व्यवस्था गर्नेछ।

भाग–८

# प्रशासन

**अनुच्छेद–३३**

१. यस 'महासन्धिमा' समेटिएका विषयहरूका लागि उत्तरदायी सरकारी निकायहरूले ती समुदायका जनतालाई प्रभाव पार्ने कार्यक्रमहरू सम्पादन गर्ने एजेन्सी वा उचित संयन्त्रको गठन सुनिश्चित गर्नेछन् र ती कार्यक्रमहरू गर्नका लागि आवश्यक साधनहरूको व्यवस्था गर्नेछन्।

२. यी कार्यक्रमहरूमा निम्न कुराहरू समावेश गरिने छन्।

(क) ती जनताको सहयोगमा यस 'महासन्धि' मा व्यवस्था गरिएका कार्यहरूको योजना, समन्वय, कार्यान्वयन र मूल्याङ्कन,

(ख) सूक्ष्म निकायहरूलाई कानूनी र अन्य व्यवस्था गर्न प्रस्ताव र सम्बन्धित जनताको सहयोगमा ती व्यवस्थाहरूको कार्यान्वयनको निरीक्षण।

भाग–९

# सामान्य प्रावधानहरू

**अनुच्छेद–३४**

यस 'महासन्धि' को कार्यान्वयनका लागि गरिनुपर्ने व्यवस्थाहरूको प्रकृति र विस्तार प्रत्येक देशको विशिष्ट अवस्था लचिलो किसिमले निर्धारण गरिनेछ।

**अनुच्छेद–३५**

यस 'महासन्धि' को प्रावधानहरूको कार्यान्वयनले अन्य महासन्धिहरू र सिफारिसहरू, अन्तर्राष्ट्रिय दस्तावेजहरू सन्धिहरू वा राष्ट्रिय कानूनहरू, पुरस्कार, रीति-रिवाज र सम्झौताहरू अनुरूप सम्बन्धित जनताका अधिकार र लाभहरूलाई नकारात्मक प्रभाव पार्ने छैन।

भाग-१०

## अन्तिम प्रावधानहरू

**अनुच्छेद–३६**

यस 'महासन्धि'ले आदिवासी जनजातिको महासन्धि-१९५७ लाई संशोधन गर्दछ।

**अनुच्छेद–३७**

यस 'महासन्धि'को औपचारिक अनुमोदनलाई अन्तर्राष्ट्रिय कानून कार्यालयमा महानिर्देशक समक्ष दर्ताका लागि प्रस्तुत गरिनेछ।

**अनुच्छेद–३८**

१. यो 'महासन्धि' लागू गर्न अन्तर्राष्ट्रिय श्रम आयोगका ती सदस्य राष्ट्रहरू मात्र बाध्य हुनेछन् जसको अनुमोदन महानिर्देशक समक्ष दर्ता भइसकेको छ।

२. महानिर्देशक समक्ष दुई सदस्य राष्ट्रहरूको अनुमोदन दर्ता भएको मितिले १२ महिनापछि यो महासन्धि लागू हुनेछ।

३. त्यस अनुमोदन दर्ता भएको १२ महिनापछि प्रत्येक सदस्य राष्ट्रमा यो महासन्धि लागू हुनेछ।

**अनुच्छेद–३९**

१. यस 'महासन्धि'लाई अनुमोदन गरेको सदस्य राष्ट्रले महासन्धि लागू भएको मितिले १० वर्ष समाप्त भएपछि अन्तर्राष्ट्रिय श्रम कार्यालयका महानिर्देशक समक्ष एउटा ऐन बनाएर दर्ता गरेपछि उक्त 'महासन्धि' लाई बदर गर्न सक्नेछ। तर उक्त ऐन दर्ता भएको मितिले १ वर्षसम्म निस्क्रिय रहनेछ।

२.  महासन्धिलाई अनुमोदन गर्ने तर यस अघिको बुँदामा उल्लेख भए अनुरूप १० वर्ष समाप्त भएपछि पनि उक्त 'महासन्धि' लाई यस अनुच्छेद अनुसार बदर गर्ने अधिकार प्रयोग नगर्ने सदस्य राष्ट्र उक्त 'महासन्धि' लाई अर्को १० वर्षको अवधिसम्म मान्न बाध्य हुनेछ र तदनुपरान्त प्रत्येक १० वर्षको अवधि समाप्त भएपछि उक्त महासन्धिलाई यस अनुच्छेदमा व्यवस्था गरिएको प्रावधान अनुरूप बदर गर्न सक्नेछ।

**अनुच्छेद-४०**

१.  अन्तर्राष्ट्रिय श्रम कार्यालयको महानिर्देशकले आफ्नो कार्यालयमा दर्ता भएमा सदस्य राष्ट्रहरूको सबै अनुमोदन र बदरहरूबारे अन्तर्राष्ट्रिय श्रमसंगठनका सबै सदस्यहरूलाई जानकारी गराउने छन्।

२.  संगठनका सदस्यहरूलाई आफ्नो कार्यालयमा प्राप्त भएका दोस्रो अनुमोदनहरूबारे जानकारी गराउँदा महानिर्देशकले महासन्धि लागू हुने मिति तर्फ सबै सदस्यहरूको ध्यानाकर्षित गर्नेछन्।

**अनुच्छेद-४१**

अन्तर्राष्ट्रिय श्रम कार्यालयको महानिर्देशकले आफ्नो कार्यालयमा अघिल्लो अनुच्छेद अनुसार दर्ता भएका सबै अनुमोदन र बदरहरू पूर्ण विवरणहरू संयुक्त राष्ट्रसंघको बडापत्रको दफा-१०२ अनुरूप संयुक्त राष्ट्रसंघको महासचिव समक्ष दर्ताका लागि प्रस्तुत गर्नेछन्।

**अनुच्छेद-४२**

अन्तर्राष्ट्रिय कानून कार्यालयको संचालक समितिले आवश्यक ठानेका यस महासन्धिको कार्य सञ्चालन सम्बन्धमा एक प्रतिवेदन महाअधिवेशनमा प्रस्तुत गर्नेछ र महासन्धिको पूर्ण वा आँशिक संशोधनको बाञ्छनियतालाई सम्मेलनको छलफलको विषय सूचिमा राख्ने सम्बन्धमा छानबीन गर्नेछ।

**अनुच्छेद-४३**

१.  यदि 'सम्मेलन' ले यस महासन्धिलाई पूर्ण वा आँशिक संशोधन गरेर नयाँ महासन्धि पारित गर्दछ नयाँ 'महासन्धि' ले अर्को व्यवस्था नगरेमा-

(क) माथि अनुच्छेद-३९ मा जे-जस्तो व्यवस्था गरिएको भएतापनि नयाँ 'महासन्धि' अविलम्ब बदर गरेको मानिने छ।

(ख) नयाँ संशोधित 'महासन्धि' लागू हुने मितिदेखि नै वर्तमान सन्धिलाई सदस्यहरूले अनुमोदन गर्ने कार्य स्वतः बन्द हुनेछ।

२. जेहोस्, वर्तमान 'महासन्धि' लाई अनुमोदन गरेको तर नयाँ संशोधित 'महासन्धिलाई' अनुमोदन गरी नसकेको सदस्यहरूको हकमा भने वर्तमान महासन्धि नै लागू भइरहनेछ।

**अनुच्छेद–४४**

यस 'महासन्धि' का अंग्रेजी र फ्रान्सेली भाषाका दुबै प्रतिलिपिहरू समान रूपमा आधिकारिक हुनेछन्।

Unofficial translation and published by

NEFIN

Nepal Federation of Indigenous Nationalities (NEFIN)
Climate Change Partnership Program

Maharajgunj, Kathmandu, Nepal, Phone : 977-1-4415376
E-mail: **info@nefinclimatechange.org**, Website: **www.nefinclimatechange.org**

Support

Partner

IWGIA

2018